चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठक मिति :२०८२/१०/१८
बैठक संख्या : सातौं (२०८२/०८३)

आज मिति २०८२ साल माघ १८ गते आइतवारका दिन चन्द्रकोट गाउँपालिकाका अध्यक्ष श्री युवराज खत्री क्षत्रीज्यूको अध्यक्षतामा गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक वसी तपसिल बमोजिमका प्रस्ताबहरुमा छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरीयो।

उपस्थिति

| सि.नं. | पदाधिकारीको नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री युवराज खत्री क्षत्री | अध्यक्ष | |
| २. | श्री विष्णु प्रसाद भण्डारी | उपाध्यक्ष | |
| ३. | श्री घनश्याम खरेल | १ नं. वडा, वडाअध्यक्ष/ प्रवक्ता | |
| ४. | श्री कमल के.सी. | २ नं. वडा, वडाअध्यक्ष | |
| ५. | श्री डिल्लीराज सुवेदी | ३ नं. वडा,वडाअध्यक्ष | |
| ६. | श्री बल बहादुर ब्रस्नेत | ४ नं. वडा, वडाअध्यक्ष | |
| ७. | श्री पृथ बहादुर कार्की | ५ नं. वडा, वडाअध्यक्ष | |
| ८. | श्री अमरसिंह दगामी | ६ नं. वडा, वडाअध्यक्ष | |
| ९. | श्री अनन्तराम भण्डारी | ७ नं. वडा, वडाअध्यक्ष | |
| १०. | श्री फणिन्द्र राज अर्याल | ८ नं. वडा, वडाअध्यक्ष | |
| ११. | श्री डिलमाया बुढाथोकी | कार्यपालिका सदस्य | |
| १२. | श्री बिष्णुकला थापा | कार्यपालिका सदस्य | |
| १३. | श्री लक्षिमा अर्याल | कार्यपालिका सदस्य | |
| १४. | श्री विष्णुमाया सापकोटा | कार्यपालिका सदस्य | |
| १५. | श्री धन बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| १६. | श्री सूर्य कुमार बस्याल | कार्यपालिका सदस्य | |
| १७. | श्री लक्ष्मणप्रसाद चालिसे | सचिव/ प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| १८. | श्री शिवप्रसाद ज्ञवाली | प्रशासकीय अधिकृत | —— |
| १९. | | | |
| २० | | | |

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८२/१०/१८
बैठक संख्या :सातौं(२०८२/०८३)

<u>प्रस्तावहरु</u>

१. समिक्षा सम्बन्धमा।
२. गाउँसभा सम्बन्धमा।
३. संघीय समपुरक र विशेष योजना छनौट सम्बन्धमा।
४. विविध।
   क) विद्यालय व्यवस्थापन समितिको म्यादथप गर्ने सम्बन्धमा।
   ख) आँखा उपचार केन्द्रलाई भवन प्रयोग गर्न दिने सम्बन्धमा।
   ग) प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा।
   घ) नदिजन्य पदार्थ उपलब्ध गराउने सम्बन्धमा।

<u>निर्णयहरु</u>

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा यस गाउँ कार्यपालिकाको पाचौं बैठक देखि हाल सम्म भएका सम्पूर्ण क्रियाकलापहरुको सम्बन्धमा समिक्षा गरीयो।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा यस चन्द्रकोट गाउँपालिका गुल्मीको अठारौं गाउँसभाको दोश्रो बैठक मिति २०८२ माघ १९ गते आह्वान भएको सन्दर्भमा उक्त बैठकमा पालिकाको लागि आवश्यक चन्द्रकोट गाउँपालिका गुल्मीको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२ लाई सार्वजनिक सेवा तथा संस्थागत क्षतमा विकास समितिको तर्फबाट सभा समक्ष पेश गर्न शैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

३. माथिको प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस चन्द्रकोट गाउँपालिका गुल्मीको आर्थिक बर्ष २०८३/०८४ को लागि संघीय सरकारको संघीय समपुरक र विशेष अनुदानमा संचालित हुने योजना तथा कार्यक्रमको छनौट तथा प्राथमिकीकरण गरी माग गर्ने प्रयोजनार्थ देहाय बमोजिम प्राथमिकिकरण गरी पठाउने।

देहाय:

<u>संघीय समपुरकतर्फ</u>

| क.सं | क्षेत्र/उपक्षेत्र | आयोजनाको नाम | आयोजना संचालन हुने स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | सडक पूर्वाधार | शान्तिपुर बजार देखि चन्द्रकोट आधारभुत अस्पताल तथा प्रशासकीय भवन जोड्ने पहुँच मार्ग स्तरोन्नति | वडा नं .४ र ६ | पालिकाद्धारा संचालित आधारभुत अस्पताल र पालिकाको मुख्य प्रशासकीय भवन जोड्ने सडक स्तरोन्नति |
| २. | पर्यटन पूर्वाधार | भिरखानी-काप्राबोट-दिव्रुङ्ग पदमार्ग निर्माण योजना | वडा नं.२ र १ | दिव्रुङ्ग धार्मिक पर्यटकीय पदमार्ग |
| ३. | सडक पूर्वाधार | मजुवा-दमुका-देउराली-म्यालपोखरा सडक स्तरोन्नति | वडा नं. ७ | पालिका र वडा जोड्ने पहुँचमार्ग |

लक्ष्मणप्रसाद खातिरी
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८२/१०/१८
बैठक संख्या :सातौं(२०८२/०८३)

संघीय विशेषतर्फ

| क्र.सं | क्षेत्र/उपक्षेत्र | आयोजनाको नाम | आयोजना संचालन हुने स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिबृद्धि | गुणस्तरीय शिक्षा अभिबृद्धिका लागि पूरक शैक्षिक पूर्वाधार निर्माण तथा शैक्षिक सुधार कार्यक्रम | चन्द्रकोट गाउँपालिका | पालिकाभित्र संचालित सामुदायिक विद्यालयहरुको पूरक शैक्षिक पूर्वाधार निर्माण तथा शैक्षिक सुधार अभिबृद्धि गर्ने। |
| २. | आधारभुत स्वास्थ्य सेवाको गुणस्तर अभिबृद्धि | स्वास्थ्य सेवाको गुणस्तर अभिबृद्धि तथा आधारभुत अस्पताल सुढृढीकरण कार्यक्रम | चन्द्रकोट गाउँपालिका | पालिकाभित्र संचालितस्वास्थ्य सेवाको गुणस्तर अभिबृद्धि साथै आधारभुत अस्पताल सुढृढीकरण गर्ने। |
| ३. | लोपोन्मुख, विपन्न तथा सीमान्तकृत समुदायका लागि नमुना आवास, एकीकृत बस्ती विकास तथा जोखिमयुक्त बस्ती स्थानान्तरण | एकीकृत बस्ति विकासका लागि पूर्वाधार निर्माण | वडा नं. ७ | क्रमागत योजना |

४. प्रस्ताव नं. ४विविध उपर छलफल गर्दा देहाय बमोजिम गर्ने।

क) यस चन्द्रकोट गाउँपालिका गुल्मीमा अन्तर्गत संचालित सामुदायिक विद्यालयहरु मध्ये विद्यालय व्यवस्थापन समितिको म्याद समाप्त भएको सन्दर्भमा आसन्न प्रतिनिधि सभा निर्वाचन-२०८२ को निर्वाचन आचार संहिता लागु भएको हुँदा नयाँ व्यवस्थापन समिति गठन आचार संहिता विपरीत हुने भएकाले हाललाई समयावधि सकिएका विद्यालय व्यवस्थापन समितिको म्याद २०८२ चैत्र मसान्त सम्मका लागि थप गर्ने।

ख) नेपाल नेत्रज्योतिसंघ द्धारा यस पालिकामा संचालित शान्तिपुर आँखा उपचार केन्द्र रहेको हालको भवन अत्यन्तै जीर्ण भएका कारण स्थानान्तरणका लागि निवेदन प्राप्त भएको हुँदा अर्को व्यवस्था नहुञ्जेल सम्मका लागि हाललाई शान्तिपुर स्वास्थ्य चौकीको साविक बर्थिङ्ग सेन्टर रहेका कोठा प्रयोग गर्न अनुमति प्रदान गर्ने जसको स्थान सुरक्षा, सरसफाई लगायतको जिम्मा आँखा उपचार केन्द्रकै रहने गरी कार्यान्वयन गराउने।

चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८२/१०/१८
बैठक संख्या :सातौं(२०८२/०८३)

ग) चन्द्रकोट गाउँपालिका गुल्मीको वडा नं. २ स्थित खहरे खोलामा रहेको नदिजन्य पदार्थ उत्खनन् गर्ने प्रयोजनका लागि एरो ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. टिकाथली ललितपुरले पेश गरेको खहरे खोलाको प्रारम्भिक बातावरणीय प्रतिवेदन (IEE) लाई स्वीकृत गर्ने।

घ) ग्रामीण सडक सञ्जाल सुधार आयोजना-एएफ आयोजना कार्यान्वयन इकाइ रुपन्देहीको पत्र संख्या २०८२/०८३ चलानी नम्बर ९७, मिति २०८२/१०/१८ को पत्रानुसार त्यस कार्यालय अन्तर्गतको निर्माणाधीन अवस्थामा रहेको ठेक्का नम्बर RCIP-AF/Lumbini/Works/OCB-20/2080/81, Upgradation , Construction and Performance based Maintenance of Wamitaksar (Indregauda)-Aapchaur-Shantipur Road (CH 0+000 to 20+290) & (CH 0+000 to 2+010) Link Road in Gulmi District सडकको लागि आवश्यक पर्ने ग्रावेल उक्त आयोजनाको जिम्मा पाएको निर्माण व्यवसायी श्री Tudi-Bidari JV,Kathmandu लाई उपलब्ध गराईदिनका लागि सिफारिस गरेको सन्दर्भमा उक्त सडक निर्माण क्षेत्र यस चन्द्रकोट गाउँपालिका गुल्मीभित्र काम भैरहेको र काममा नियमितता प्रदान गरी योजना समयमै सम्पन्न गर्नका लागि पालिकाले समेत सहयोग/समन्वय गर्नुपर्ने र यसको दायित्व स्थानीय सरकारको समेत रहने भएको हुँदा यस हाल चन्द्रकोट गाउँपालिका वडा नं. २ मा रहेको खहरे खोलाबाट आवश्यक नदिजन्य पदार्थ उपलब्ध गराउनका लागि उक्त कार्यालयको मागको आधारमा स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदनमा उत्खनन् गर्न सकिने भनि उल्लेख भएको नदिजन्य पदार्थलाई IEE प्रतिवेदनमा उल्लेख भएको रकममा भ्याट र टिडिएस समेत जोडी आउने कुल रकममा नघट्ने गरी राजश्व लिई प्रतिवेदनमा उल्लेख भए अनुसार हुनेगरी ४१९२ घन मिटर नदिजन्य पदार्थ आवश्यक संझौता गरी उपलब्ध गराउने।

चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर गुल्मी लुम्बिनी प्रदेश, नेपाल

लक्ष्मणप्रसाद बाशिस्ठ
प्रमुख प्रशासकीय अधिकृत